गोसाईकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

स्याफ्रु, रसुवा

बागमती प्रदेश, नेपाल

मिति:- २०७६/१२/२४

## राहत सामग्री वितरण एकद्वार प्रणालीबाट गर्ने सम्बन्धी सूचना

प्रस्तुत बिषयमा माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा खाद्य बस्तुहरुको आपूर्ति व्यवस्थालाई सहज बनाउन मिति २०७६/१२/१६ गते बसेको बैठकले बिपद् राहत सामग्री वितरण सम्बन्धी गरेको निर्णय प्रभावकारी कार्यान्वयनको लागि जिल्ला प्रशासन कार्यालय रसुवाबाट निर्देशन भए अनुसार जिल्ला स्तरमा कुनै निकाय/संघ/संस्था/व्यक्तिले सहायता दिन चाहेमा स्थानीय तहमा एकद्वार प्रणाली मार्फत वितरण गर्ने व्यवस्था गर्नुका साथै निश्चित समन्यायिक वितरणको मापदण्ड बनाई प्राप्त सामग्रीहरु सोही अनुसार गाउँपालिकाले स्वीकार गरी सम्बन्धित वडास्तरमा वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु, सुरक्षा निकायका प्रमुखहरु र अन्य सरकारी कार्यालय भए उक्त कार्यालयका प्रतिनिधि समेत सहभागिता रहेको संयन्त्र निर्माण गरी वडास्तरीय समिति मार्फत नै प्रभावकारी वितरणको व्यवस्था मिलाउनु हुन भनी यस कार्यालयको च.नं. ८४७ मिति २०७६/१२/२० को पत्रबाट सबै वडा कार्यालयहरुमा निर्देशन भएको व्यहोरा पुन: सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ । हाल उक्त निर्देशनको पालना नगरी यस गाउँपालिकाका बिभिन्न जनताहरुलाई रसुवा जिल्लाका केही जिम्मेवार महानुभावहरुबाट आफूखुशी विभिन्न राहत सामग्री वितरण गरेको भन्ने बुझिन आएको छ । यस गाउँपालिकाको स्वीकृत वेगर आफुखुशी त्यस्तो राहत वितरणको कार्य नगर्नु भई राहत वितरण गर्नु पर्ने भए यस गाउँपालिकाको स्वीकृती लिई गाउँपालिकाको **कारोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट** एकद्वार प्रणाली मार्फत वितरण गर्ने व्यस्था मिलाई सहयोग गरिदिनु हुन सम्बन्धित सबैको जानकारीको लागि आदेशानुसार अनुरोध गरिन्छ ।

देवीलाल सापकोटा

प्रमुख प्रशासकीय अधिकृत